महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९
किस्पाङ गाउँपालिका, नुवाकोट

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	(Independence)
निष्ठा	(Integrity)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)
व्यावसायिकता	(Professionalism)

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एवं नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाह लगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमा लगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा दंगाल)

२०७९ आषाढ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

अनामनगर, काठमाडौं, नेपाल

Anamnagar, Kathmandu, Nepal

(बागमती प्रदेश लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्याः २०७८।७९

च.नं. ६०९

मितिः २०७९।३।२४

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,

किस्पाङ गाउँपालिका, नुवाकोट ।

कैफियत सहितको राय

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. यस गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्णरुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू.५ करोड २१लाख २४ हजार बेरुजू देखिएको छ। सोमध्ये प्रतिक्रियाबाट रू.४ लाख ३४ हजार फस्यौंट भई र रू.५ करोड १६ लाख ९० हजार बाँकी रहेको छ । बाँकी बेरुजू मध्ये असुल गर्नुपर्ने रू.३ करोड ४८ लाख ८३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ करोड ५२ लाख ४५ हजार, नियमित गर्नुपर्ने रू.१५ लाख ६२ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु २ करोड ४१ लाख ३६ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु ७ करोड ५८ लाख २७ हजार रहेको छ । गाँउपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**

३. यस गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ। कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाँउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(त्रिलोचन आचार्य)

नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328

Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

किस्पाङ गाउँपालिका, नुवाकोट

बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

२०७७।७८

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजु			बेरुजु						
									असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम		अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती								
२२	१८	५२१२४	१	२	४३४	२१	१६	५१६९०	३४८८३	१५६२	१५२४५	०	०	१६८०७	०

अद्यावधिक बेरुजू स्थिति

२०७७।७८

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्र्यौट	बाँकी बेरुजू	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
नुवाकोट	२४१३७	०	०	२४१३७	०	५१६९०	७५८२७

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : किस्पाङ गाउँपालिका, नुवाकोट , किस्पाङ गाउँपालिका , नुवाकोट

पद	**नाम**	**कार्यकाल सुरु मिति**	**कार्यकाल समाप्त मिति**
कार्यालय प्रमुख	खुम बहादुर घर्ति	२०७७-४-१	
कार्यालय प्रमुख	महाप्रसाद दंगाल	२०७८-१०-६	हाल सम्म कार्यरत
लेखा प्रमुख	सविना अर्याल	२०७८-४-१	
		बेरुजु रकम	५२,१२३,८३५

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		५,२३,५०,२५३.८३	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	२३,९८,८६,६११	चालु खर्च	१८,१०,२०,०००
प्रदेश सरकारबाट अनुदान	६,५७,५०,०००	पूँजीगत खर्च	१६,६०,२४,६३८
राजश्व बाँडफाँट	५,४०,०६,७१८	वित्तीय/अन्य व्यवस्था	११,७५,८२,०६७
आन्तरिक आय	१,९०,३३,६७०		
अन्य आय	१३,०४,५४,४४८		
कुल आय	५०,९१,३१,४४७	कुल खर्च	४६,४६,२६,७०५
बाँकी मौज्दात		९,६८,५४,९९५.५	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

१

परीचय

स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाँउपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रर्वधन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाँउपालिकाको उद्देश्य रहेको छ । यस गाँउपालिका अन्तर्गत ५ वडा, २९ सभा सदस्य, ८२.५८वर्ग किलोमिटर क्षेत्रफल तथा १४ हजार ८६१ जनसंख्या रहेको छ ।

२

संचितकोष

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम नगरपालिकालेप्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनमा भएका आय-व्यय हिसाबको आर्थिक वर्ष २०७७/७८ को कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छः

विवरण	टिप्पणी	यसवर्ष रु.		गत वर्ष रु		
		बजेट	आफैले गरेको प्राप्ति /भुक्तानी	जम्मा.	आफैले गरेको प्राप्ति/ भुक्तानी	जम्मा
प्राप्ती (क+ख)		३९,१७,६७,६१९	३८,७६,१७,२६२.९४	३८,७६,१७,२६२.९४	३१,००,३३,१३६.८६	३१,००,३३,१३६.८६
क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)		३८,४९,२८,८४१	३८,०३,१२,३२१.१६	३८,०३,१२,३२१.१६	३०,५५,९६,५४५.८६	३०,५५,९६,५४५.८६
११००० कर	११	७,४१,४८,३१०	६,५७,१०,१०५.४६	६,५७,१०,१०५.४६	५,११,९९,७२४.८६	५,११,९९,७२४.८६
१३००० अनुदान		३०,१५,३०,५३१	३०,५६,३६,६११	३०,५६,३६,६११	२५,२८,४३,०००	२५,२८,४३,०००
संघीय सरकार	१२	२३,५२,८०,५३१	२३,९८,८६,६११	२३,९८,८६,६११	२०,३४,४६,०००	२०,३४,४६,०००
प्रदेश सरकार	१२	६,६२,५०,०००	६,५७,५०,०००	६,५७,५०,०००	४,९३,९७,०००	४,९३,९७,०००
१४००० अन्य राजस्व		९२,५०,०००	८९,६५,६०४.७०	८९,६५,६०४.७०	१५,५३,८२१	१५,५३,८२१
ख. अन्य प्राप्ति		६८,३८,७७८	७३,०४,९४१.७८	७३,०४,९४१.७८	४४,३६,५९१	४४,३६,५९१
कोषहरु		६८,३८,७७८	४५,०४,४८९	४५,०४,४८९	०	०
धरौटी		०	२८,००,४५२.७८	२८,००,४५२.७८	४४,३६,५९१	४४,३६,५९१
भुक्तानी (ग+घ)		४५,७७,२३,३८९	३५,१५,४२,०५७.०६	३५,१५,४२,०५७.०६	२४,२३,२२,८५३.६३	२४,२३,२२,८५३.६३
ग. भुक्तानी (सञ्चित कोषबाट)		४५,०८,८४,६११	३४,७०,४४,९२९.६३	३४,७०,४४,९२९.६३	२४,०१,७०,९३९.६३	२४,०१,७०,९३९.६३
२१००० पारिश्रमिक / सुविधा	१८	६,०४,९९,०८०	४,५७,७५,५८३.८०	४,५७,७५,५८३.८०	३,३४,७१,५३६.७८	३,३४,७१,५३६.७८

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

२२००० मालसामान तथा सेवाको उपयोग	१८	१५,३१,६५,०००	११,९९,७२,३६९.२७	११,९९,७२,३६९.२७	४,१९,०१,४६८	४,१९,०१,४६८
२५००० सहायता (Subsidy)	१८	२०,००,०००	२०,००,०००	२०,००,०००	०	०
२६००० अनुदान	१८	३३,८७,०००	३३,७९,६३३.३३	३३,७९,६३३.३३	६,५९,०२,६७३.८५	६,५९,०२,६७३.८५
२७००० सामाजिक सुरक्षा	१८	८०,३७,०००	७३,४८,२०५	७३,४८,२०५	२८,१४,९५०	२८,१४,९५०
२८००० अन्य खर्च	१८	३१,५०,०००	२५,४४,५००	२५,४४,५००	३१,२७,२५७	३१,२७,२५७
३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	१८	२२,०६,४६,५३१	१६,६०,२४,६३८.२३	१६,६०,२४,६३८.२३	९,२९,५३,०५४	९,२९,५३,०५४
घ. अन्य भूक्तानी		६८,३८,७७८	४४,९७,१२७.४३	४४,९७,१२७.४३	२४,२३,२२,८५३.६३	२४,२३,२२,८५३.६३
कोषहरु		६८,३८,७७८	३२,३१,४६२.६७	३२,३१,४६२.६७	०	०
धरौटी		०	१७,९६,८४९	१७,९६,८४९	२१,५१,९१४	२१,५१,९१४
कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी			(५,३१,१८४.२४)	(५,३१,१८४.२४)		
ङ. यो वर्षको बचत (न्युन)		(६,५९,५५,७७०)	३,६०,७५,२०५.८८	३,६०,७५,२०५.८८	६,७७,१०,२८३.२३	६,७७,१०,२८३.२३
च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)			५,७२,५४,२९७.६२	५,७२,५४,२९७.६२	२,९१,९९,५२१.५३	२,९१,९९,५२१.५३
वर्षान्तको बाकी रकम (ङ + च)		(६,५९,५५,७७०)	९,३३,२९,५०३.५०	९,३३,२९,५०३.५०	९,६९,०९,८०४.७६	९,६९,०९,८०४.७६
बैंक तथा नगद बाकी	२४		९,६८,५४,९९५.५०	९,६८,५४,९९५.५०	९,३७,९२,५२३.३५	९,३७,९२,५२३.३५

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३</td><td></td><td></td><td>

अन्तर सरकारी वित्तिय हस्तान्तरण

माथी प्रस्तुत गरिएको स्थानिय संचित कोष व्यवस्थापन प्रणाली को म. ले.प. फा. नं. २७२ ले नसमेटेका कारोवार निम्नानुसार छन्।

<table>
<tr><th>सि.न.</th><th>व.शि.न.</th><th>उपशिर्षक</th><th>निकासा</th><th>खर्च</th></tr>
<tr><td>१.</td><td>३१४०१०१२३</td><td>सामाजिक सुरक्षा तथा संरक्षण</td><td>४८९९९३२७</td><td>४८९९९३२७</td></tr>
<tr><td>२.</td><td>३६५००१०४३</td><td>स्थानिय पूर्वाधार विकास साँझेदारी</td><td>५३७३९४५</td><td>५३७३९४५</td></tr>
<tr><td>३.</td><td>३६५०१११४</td><td>स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम</td><td>११७९४३७५</td><td>११७९४३७५</td></tr>
<tr><td>४.</td><td>३३७०००१४४</td><td>प्रदेश पूर्वाधार विकास कार्यक्रम</td><td>६७४०४९१</td><td>६७४०४९१</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>७२९०८१३८</td><td>७२९०८१३८</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५</td><td></td><td></td><td>

आन्तरीक लेखापरीक्षण

स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । यस स्थानीय तहले २०७७।७८ को आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण हस्तान्तरित कार्यक्रमको को.ले.नि.का. बाट भएको छ भने पालिका तर्फको विनियोजन खर्चको आलेप शाखा गठन गरी आन्तरीक लेखापरीक्षण गराउनुपर्नेमा सो बमोजिम भए गरेको पाइएन । अत एेनमा तोकेबमोजिम गराउनेतर्फ पालिकाले विशेष ध्यान दिनुपर्ने देखिन्छ ।
</td><td></td></tr>
<tr><td>६</td><td></td><td></td><td>

आन्तरीक नियन्त्रण

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्न व्यवस्था भएतापनि उक्तप्रणाली तयार गरी लागु गरेको पाइएन ।

पालिकाको आन्तरीक नियन्त्रण सम्वन्धमा देखिएको ब्यहोराहरु निम्नानुसार रहेका छन ।

- · स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाँउपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।
- स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 13 वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोकी कार्यान्वयनमा ल्याएको पाइएन ।
- स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 74(2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।
- सार्वजनिक खरिद नियमावली, 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।
- सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।
</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । • मुल्य अभिवृद्धि कर नियमावली, २०53 को नियम 6क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस गरेको पाइएन। • पालिकाले २०७७।७८ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन । • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन। • राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन । • स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन । • दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन । • दैनिक भ्रमणको अभिलेख, इन्धन खर्चको भुक्तानीमा लगबुकको ब्यवस्था तथा मर्मत अभिलेख खाता अद्यावधिक गरेको देखिएन । • जिन्सी निरीक्षण गरी प्रतिवेदन तयार गरेतापनि साविकको म ले प फा न ४७, ५२ बमोजिम PAMS मा रहेको अभिलेख भिडान भएको छैन । • ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। • स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । • पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फ**m**बाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने,मासो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन । • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा केहि कार्यक्रममा पालना भएको पाईएन। • वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन । शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७</td><td></td><td></td><td>
क्षेत्रगत बजेट
स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ ।यस पालिकाको आ ब २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।
<table>
<tr><th>मुख्य क्षेत्र</th><th>वार्षिक वजेट</th><th>खर्च रकम</th><th>खर्च मध्ये प्रतिशत</th></tr>
<tr><td>आर्थिक विकास</td><td>४०६५१०८०।००</td><td>२६७७९६९२।००</td><td>६५%</td></tr>
<tr><td>सामाजिक क्षेत्र</td><td>१६९८७९०३१।००</td><td>१४१८२७६९७।००</td><td>८३.४८%</td></tr>
<tr><td>पूर्वाधार विकासक्षेत्र</td><td>१७७११५५००।००</td><td>१२९३०६३८९।००</td><td>७३%</td></tr>
<tr><td>वित्तीय व्यवस्थापन र सुशासन</td><td>८८५००००।००</td><td>६१०००२८।००</td><td>६८.९२%</td></tr>
<tr><td>कार्यसञ्चालन तथा प्रशासनिक खर्च</td><td>५४३८९०००।००</td><td>४३०३११२२।००</td><td>७१.११%</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>८</td><td></td><td></td><td>
चौमासीक पुजिगत खर्चः
कार्यालयले चौमासिक र बार्षिक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, प्रदेश स्तर, जिल्ला स्तर तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको पाइयो । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।
<table>
<tr><th rowspan="2">सि.नं.</th><th rowspan="2">पूँजीगत खर्च शीर्षक</th><th rowspan="2">कुल खर्च</th><th colspan="3">चौमासिक खर्च</th><th rowspan="2">आषाढ महिनाको मात्र खर्च</th></tr>
<tr><th>प्रथम चौमासिक</th><th>दोस्रो चौमासिक</th><th>तेसोचौमासिक</th></tr>
<tr><td>१</td><td>गा.पा पुँजीगत</td><td>१३३७०९</td><td>९०४९</td><td>१२३१४</td><td>११२३४४</td><td>४५७८०</td></tr>
<tr><td>२</td><td>संघिय पुजिगत</td><td>१६०२११</td><td>०</td><td>२४५५</td><td>१३५६६</td><td>६३६४</td></tr>
<tr><td>३</td><td>प्रदेश पूजिगत</td><td>१६२९५</td><td>०</td><td></td><td>१६२९५</td><td>१३२९५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>९</td><td></td><td></td><td>
विविध खर्च
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष विविधतर्फ मात्र रु.१३४१५०४ खर्च गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।
</td><td></td></tr>
<tr><td>१०</td><td></td><td></td><td>
आर्थिक सहायता
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले उपचार प्रयोजनको लागि यो वर्ष विभिन्न व्यक्ति एवं संघ संस्थालाई रु. ९५०००० आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।
</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१०			**बजेट पेश र पारीतः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री मायादेवि न्यौपानेले २०७७।३।१० गते रु ४३ करोड १९ लाख ९८ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७७।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७७।३।१७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।	
११			**जिम्मेवारी फरक परेकोः** महालेखा परीक्षकको आ.व. २०७६।७७ को लेखापरीक्षण प्रतिवेदनमा श्रेस्तामा भन्दा बैंकमा रु. ४०,२५,०००।- ले बढी देखाएको विवरण सहित आर्थिक वर्षको अन्त्यमा ९७८१७५२३।३५ बाँकी रहेको व्यहोरा उल्लेख गरेकोमा पालिकाले आ.व. २०७७।७८ मा गत वर्षको जिम्मेवारी रु. ५,२३,५०,२५३।- सारी गतवर्षको अन्त्यमा बाँकी रहेको भन्दा रु. ४,५४,६७,२६९।४७ घटी जिम्मेवारी सारेकोमा बैंक हिसाव मिलान पेश गरेको छैन। यद्यपि शसर्त अनुदानको रु. ३३८२२२५६।५० मिति ०७७।०४।१२ मा फिर्ता पठाएको खर्च नभई बाँकी रहेको रु. ८३१०६३१।६१ तथा आ.व. २०७६।७७ बढी बैंक देखाएको रु.४०,५०,०००।- समेत रु. ६९०६१८।६४बढी बैंक उल्लेख गरेकोमा त्यसको पुष्ट्याई पेश नगरेकोले बैंक हिसाव विवरण तयार गरी अद्यावधिक गर्नुपर्ने रु.	६९०,६१८.६४
१२			**बैक हिसावः** गाउँपालिकाले आ.व. २०७७।७८ को अन्त्यमा श्रेस्ताअनुसार ९६८५४९९५।५० बाँकी रहेको देखिन्छ तर आ.व. २०७८।७९ को वित्तिय विवरणमा रु. ३७१२६५७०।- मात्र जिम्मेवारी सारी साविकको श्रेस्ताले देखाएको मौज्दात भन्दा रु. ५९७२८४२५।५० संचित कोषमा घटी उल्लेख गरेको देखिन्छ। उल्लेखित सम्बन्धमा छलफल गर्दा अन्तरसरकारी कारोवार सहितको बाकी रहेको रकम समावेश गर्दा २०७८ आषाढ मसान्तमा देखिन गएको बढी मौज्दात बाँकी देखिएको रु४७७१७००० र संघिय तर्फको अनुदान फिर्ता समेत समावेश गर्दा घटी जवाफ प्राप्त भएतापनी बैक हिसाव विवरण पेश भएको छैन । बैक हिसाव विवरण तयार गरी ब्यवस्थित गर्नुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१३			**कानुन निर्माण र संचालनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २२ वटा ऐन, ३ वटा नियमावलली, २ निर्देशिका,१५कार्यविधि लगायत ४२ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएकोछ ।	
१४			**न्यायिक समितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विामद दताए भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी १ र यो बर्ष थप भएको ६ गरी कुल ७ विवाद दर्ता भएकोमा ७ वटा फछ्र्यौट देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।	

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१५			**सेवा प्रवाहः** लेखापरिक्षणलाई उपलब्ध भएको विवरण अनुसार अ ब ०७७।७८ मा पालिकाबाट निम्नानुसारको सेवा प्रवाह गरेको देखिन्छ ।	

सि न	विवरण	विवरण सेवा प्राप्तिका लागि निवेदन र सिफारिस सख्या
१	जन्म दर्ता	३६५
२	मृत्यु दर्ता	१२४
३	बसाईसराई	२६
४	सम्वन्ध विच्छेद	६
५	नागरिकता सिफारिस	५६५
६	विवाह दर्ता	१०८
७	घरबाटो सिफारीस	३४५
९	नाता प्रमाणीत	२५७
१०	अन्य	३३१०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१६			**पदाधिकारी सुविधाः** बागमती प्रदेश अन्तर्गत स्थानीय तहका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाका सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ (पहिलो संशोधन समेत) को दफा ३ (क) (१) मा स्थानीय तहका पदाधिकारीहरुले अनूसूची १ मा उल्लेख भएको सुवीधा पाउने व्यवस्था छ । पालिकाले पदाधिकारीहरुलाई यस वर्ष ०७७।०७८ मा र अनुसुची १ मा उल्लेख भएको संचारमा, खाजा , पुस्तक तथा पत्रपत्रिका, खानेपानी तथा सरसफाई , यातायात र अतिथी सत्कार समेतमा गरि कुल जम्मा रु.४३०८००० खर्च लेखेको पाइयो ।	
१७			**शिक्षा तर्फः**	
१७.१			**बिद्यालयहरुको लेखापरीक्षणः** गाउँपालिका मातहतका विद्यालयले तोकिएको समयमा लेखापरीक्षण गर्नु गराउनु पर्दछ ।विद्यालयको लेखापरीक्षणको लागि गाउँपालिकाले २३ विद्यालयहरुका लागि रु.२३०००० निकासा खर्च गरेको छ। गाउँपालिकाले आ.व. २०७७।०७८ को अन्तिम लेखापरीक्षण अवधिसम्म लेखापरीक्षण गराएका विद्यालयको विवरण प्राप्त गरेको देखिएन । िद्यालयहरुको लेखापरीक्षण प्रतिवेदन प्राप्त गरी गाउँपालिकाले दिएको निकाशा र अनुदान समेत समावेश गरी विद्यालयले वित्तीय विवरण तयार गरे नगरेको एकिन गर्नुपर्दछ ।	
१७.२			**दिवा खाजाः** गाँउपालिकाले यस बर्ष २३ विद्यालयहरुका लागि रु.२०५२२३२ निकासा खर्च लेखेको पाइयो । कुल १८० दिनको प्रति विद्यार्थि रु १५ का दरले भुक्तानी गर्नुपर्ने ब्यवस्था भएतापनि लकडाउनको समयमा विद्यालय संचालन नभएको भनि जम्मा ११३ दिनको मात्र रकम विद्यालयको खातामा पठाएको छ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१७.३			**विद्यालय अनुदानः** शिक्षा तथा मानवस्रोत विकास केन्द्र सानोठिमिद्धारा तयार पारिएको कार्यक्रम कार्यान्वयन पुस्तिका २०77।78 मा गत आर्थिक बर्षवाट भौतिक पूर्वाधार निर्माणाधिन रहेको विद्यालयहरुको स्विकृत गुरुयोजनाले तोकेको क्षेत्रमा विद्यालय भौतिक निर्माण, wash सुविधा सहितको शौचालय निर्माण कार्यमा खर्च गर्ने प्रयोजनको लागि यस आ.ब. ०७७।७८ मा रकम उपलब्ध गराउने र विद्यालय भौतिक निर्माण कार्य गर्दा सार्वजनिक खरिद ऐन तथा सार्वजनिक खरीद नियमावली र विद्यालय खरीद दिग्दर्शनभित्र रही निर्माण कार्य संचालन गर्ने तथा स्थानिय तह र शिक्षा विकास तथा समन्वय ईकाइले भौतिक निर्माण तथा शैक्षिकविकासका नियमित अनुगमन गरी सो को प्रतिवेदन शिक्षा मानव स्रोत विकास केन्द्रमा उपलब्ध गराउनु पर्ने ब्यवस्था छ ।पालिकाले निम्नानुसारका विद्यालयहरुलाई निम्नानुसारको शिर्षकमा रु ३०६०००० रकम भुक्तानी भएकोमा विद्यालयबाट पुस्तिकामा उल्लेख भए बमोजिम कार्यको प्रगति विवरण, प्राविधिक पुष्ट्याई हुने ागजात, सामाजिक परीक्षण लगायतका प्रमाण कागजात पेश हुन आएको छैन ।यसरी प्रमाण कागजात विना भएको भुक्तानीको पुष्ट्याई सहित प्रमाण पेश हुनुपर्ने रु **विद्यालयको नाम** / **भुक्तानीको विवरण** / **रकम** एसेलु भुमे मा वि / प्राविधिक धारको विद्यालय शिक्षण सिकाई अनुदान / १३५०००० एसेलु भुमे मावि / नमुना विद्यालय ३० प्रतिशत अनुदान / १५००००० श्री जय बुद्ध आ वि / wash सहितको शौचालय निर्माण / २१०००० **जम्मा** / / **३०६००००**	३,०६०,०००
१८			**कृर्षी तथा पशुसेवाः**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१८.१			**विल भरपाईः** आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०)मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। कोभिड १९ का कारण उत्पन्न परीस्थिति सिकाई सहजिकरण लागि शैक्षिक कार्यक्रम कार्यान्वयन निर्देशिका २०७६ अनुसार विषम परीस्थितिमा सिकाइ प्रक्रिया नियमित र सहजिकरणकाो लागि स्वास्थ्य सुरक्षा सामाग्री ब्यवस्थापनकाो लागि ० देखि १२ कक्षा सम्मकाो प्रति विद्यार्थि रु २०० को दरले र CUG मा आबद्ध हुनको लागि प्रति विद्यार्थि १२५ का दरले रकम उपलब्ध हुने ब्यवस्था अनुरुप पालिकाले कुल रु १४२१३२५ रुपैया विनियोजन खर्च लेखेकोमा िद्यालयहरुले सो रकम मार्फत निर्देशिकाले तोकीएबमोजिम खर्च गरे नरेको सम्वन्धमा आवश्यक कागज प्रमाण स्रेस्ता साथ उपलब्ध हुन सकेन । यसर्थ खर्च र सो रकमको उपयोगिता सम्वन्धमा आवश्यक विल भरपाईको प्रमाण पेश हुनुपर्ने रु	१,४२१,३२५
१८.२			१)सुत्केरी गाई, भैंसीलाई भत्ताः किस्पाङ गाउँपालिकाको निर्णय अनुसार गाउँपालिका क्षेत्रभित्र सुत्केरी भएका गाई तथा भैंसीहरुलाई आ.व. २०७४।७५ देखि सुत्केरी भत्ता उपलब्ध गराएकोमा चालु आ.व. २०७७।७८ मा समेत प्रति चौपाया रु. ३०००।– को दरले रु. १५३३०००।– उपलब्ध गराएको छ। पशु शाखाले उपलब्ध गराएको विवरण अनुसार ५२४ वटा पशुलाई भत्ता उपलब्ध गराउने लक्ष्य राखेकोमा लक्ष्यको ९७ प्रतिशत हुनेगरी ५११ वटा लाई भत्ता उपलब्ध गराएको छ। उल्लेखित कार्यहरुबाट कृषकलाई प्रोत्साहन गरी दुध उत्पादनमा जोड दिएकोले पालिकाको वार्ड नं ३ मा दुग्ध सहकारी संस्था संचालन आएको पाईयो। त्यसैगरी पालिकाले आ.व. २०७७।७८ देखि कृत्रिम ६० वटा कृत्रिम गर्भाधान(A.I.) गरेकोमा त्यसको ६० प्रतिशतले हुनेगरी ३६ वटा सफलता पाएकोले यस्ता कार्यक्रमलाई निरन्तरता दिई दुग्ध तथा सो संग सम्बन्धित उत्पादनमा गाउँपालिकालाई आत्मनिर्भर गराउनुपर्दछ। २) नमुना पशु फार्म सुधार विकास र विस्तार अनुदान कार्यक्रम:(दुहुनो गाई, भैंसी) आ.व. २०७७।७८ को पशु विकास कार्यक्रम तर्फ १४ वटा कृषकहरुलाई दुहुनो गाई, भैंसी वितरण गर्ने गरी रु. १६,९५,०००।– बजेट विनियोजन भएकोमा उक्त कार्यक्रम संचालन हुन सकेको पाईएन। पालिकाले कोभिड-१९को कारण उक्त कार्यक्रम प्रभावित भएको जनाएको छ।	
१९			**औषधि खरीदः**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

अ◌ौषधि खरीदः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ । तर पालिकाले उक्त प्रक्रियावेगर रु.२५५४६५७ का औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु न्निानुसार छनः

भौ न मिति	**व्यवसायि**	**विवरण**	**रकम**
१६२।१०।२७	अदिरा मेडिकल एण्ड सर्जिकल प्रा लि	विभिन्न २० प्रकारका औषधि	४५८३४२
३४३।२।१५	म्याक्स रेडि इक्युपमेन्ट नेपाल	विभिन्न	२९६६२५
४२६।३।१७	विमुम मेडिसिन सप्लायर्स	विभिन्न १२५ आइटम	१३५२५४३
१५४।३।९ शशर्त	विमुम मेडिसिन सप्लायर्स	विभिन्न आइटम	४४७१४७
जम्मा			**२५५४६५७**

१. खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र जम्मा रु 2554657 सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,

२. आपूर्ति हुने औषधि सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,

३. आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।

४. औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको ।

५. **नम्समाएकरुपता नभएकोः** कार्यक्रम संचालन गर्दा स्पष्ट नम्र्स मापदण्ड निर्धारण गर्नुपर्दछ ।पालिकाले स्वास्थ्य अन्तर्गतको कार्यक्रम संचालन गर्दा यातायात खर्चमा कुनैमा रु ३००।०० ,४०० ।००, ७००।०० केही कार्यक्रममा रु १०००।०० प्रतिदिनका दरले भुक्तानी गरेको दखिन्छ । कार्यक्रम संचालन तथा यातायात खर्च भुक्तानीको नम्र्स स्पष्ट रुपमा निर्धारण गर्नुपर्दछ ।

तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।	
२०			**प्रधानमन्त्री रोजगार कार्यक्रमः** **प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतः उक्त कार्यहरु अन्तर्गत आ ब २०७७।७८ मा कुल रु १०३११००० बजेट बिनियोजन भएकोमा रु९३८१७८६ खर्च भएको छ । खर्च मध्ये श्रमिक ज्याला खर्च बापत ८४०३११८ खर्च भएकोमा लेखापरीक्षणको क्रममा देखिएका थप ब्यहोराहरु निम्नानुसार रहेको छन ।** १. १.कामका लागी पारिश्रमीकमा आधारित सामुदायीक आयोजना (सञ्चालन तथा व्यवस्थान) कार्यविधि, २०७७ को सि. न. ४ अनुसार श्रममुलक आयोजना छनौट गर्दा स्थानिय तहको वार्षिक तर्जुमाका सबै चरण पुरा गरी आयोजना बैंक तयार गर्नुपर्ने र यसरी स्विकृत भई आयोजना बैंकमा रहेका आयोजनाहरुबाट प्राथमिकता क्रममा रहेका बेरोजगार ब्यक्तिको संस्थाको आधारमा कार्यपालिकाको निर्णयानुसार आयोजना संचालन गर्नुपर्ने, पालिकाले आयोजना बैंक तयार नगरी वार्डबाट कार्यक्रम माग गरी त्यसको आधारमा कार्यक्रम संचालन गरेको पाईयो । **2. लक्ष्य तथा प्रगतिः उक्त कार्यहरु अन्तर्गत संचालीत कृयाकलापको स्थिति निम्नानुसार देखियो ।**	

सि.न.	कार्यक्रम	किस्पाङ पोखरी सरसफाई	गोरेटो बाटो मर्मत	गोरेटो बाटो निर्माण	सरसफाई तथा चियाको बिरुवा रोपण	भौतिक प्रगति	जम्मा
१	युवा रोजगारीका लाषि रुपान्तरण पहल आयोजना	०	६	०	१	९९	७
२	कामका लागि पारीश्रमीकमा आधारीत आयोजना	१	०	५	०	१००	६

३. पालिका अन्तर्गत वाड नं. १ देखि ५ सम्म संचालित १३ ओटा श्रममुलक कार्यक्रमहरु निम्नानुसार कार्यान्वयनमा रहेका छन् ।

४. कार्यक्रमको सि. नं. २० बमोजिम स्थानिय तहले बेरोजगार सुचिकरणको विवरण, क्रमिक समुहको हाजिरी विवरण, भुक्तानी प्राप्त गर्ने श्रमिकको नाम, प्राप्त रकम र खर्चको विवरणको सार्वजनिक परिक्षण गराउनु पर्नेमा उल्लेखित व्यवस्था बमोजिम वेरोजगारको सुचिकरणको विकास सार्वजनिक गरेतापनी खर्चको विवरण सार्वजनिक नगरेकोले नियमानुसार सार्वजनिकिकरण गर्नुपर्दछ ।

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			५ कार्यक्रम सञ्चालन निर्देशिका को सि. नं. ५ बमोजिम प्राथमिकतामा रहेका व्यक्तिलाई एकसय दिनको रोजगारीमा खटाउनुपर्ने व्यवस्था रहेतापनी पालिका अन्तर्गत रोजगारी प्रदान गरेको स्थिति निम्नानुसार रहेको छ ।	

सि.नं.	सञ्चालन स्थिति	काम दिन
१	प्रतिव्यक्ति अधिकतम काम गरेको दिन	१००
२	प्रतिव्यक्ति न्युनतम काम गरेको दिन	५३
३	औषत प्रतिव्यक्ति काम गरेको दिन	७६.५

६. कार्यक्रम सञ्चालन निर्देशिका को सि. नं. ५ अनुसार आयोजना प्राथमिकिकरण गर्दा सार्वजनिक क्षेत्रबाट कार्यान्वयनमा रहेका आयोजना सुचिकृत बेरोजगारलाई संलग्न गराई सो को लागी आवस्यक ज्याला वापतको रकम यस कार्यक्रमको पुर्ण बा आंशिक साझेदारी (लेवर वेज सेयरिङ्ग) गरिने आयोजना (श्रमिकको ज्याला रकममा साझेदारी आयोजना) को प्राथमिकिकरण तोकी रोजगारी खुवाउनुपर्नेमा त्यसप्रकारले साझेदारीको कार्यक्रम संचालनमा आएको पाईयन ।

https://nams.oag.gov.np

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२१</td><td></td><td></td><td>

कर कट्टीः

आयकर ऐन २०५८ को दफा ८९ अनुसार भत्ता भुक्तानी गर्दा अग्रमीकर बापत १५ प्रतिशतको दरले कट्टी गरी भुक्तानी दिनुपर्ने ब्यवस्था रहेको छ । पालिकाले निम्नानुसारको भुक्तानीमा कर बापतको रकम कट्टी नगरी भुक्तानी दिएकोमा छुट कर बापतको रकम सम्वन्धीत सँग असुल दाखिला गर्नुपर्ने रु

<table>
<tr><th>भौ न मिति</th><th>विवरण</th><th>कट्टी हुनुपर्ने रकम</th><th>कट्टी तथा दाखिला बाकी रकम</th></tr>
<tr><td>२१२।१२।८</td><td>नारी दिवस कार्यक्रममा सहभागी भत्ता</td><td>५२५०</td><td>५२५०</td></tr>
<tr><td>४४४।३।२०</td><td>कृर्षि विकास कार्यक्रम अन्तरगत विभिन्न वडाको अनुगमन</td><td>१५१५०</td><td>१५१५०</td></tr>
<tr><td>५२०।३।२४</td><td>विद्यालयको सर्वाङ्गिण पक्षको अनुगमन भत्ता</td><td>१७५५०</td><td>१७५५०</td></tr>
<tr><td>१५०।३।८</td><td>गरीव घर पहिचान कार्यक्रम अनुगमन भत्ता</td><td>१९२००</td><td>१९२००</td></tr>
<tr><td>५६।१२।२३</td><td>क्षयरोग कोर्ट एनालाईसिस गोष्ठी</td><td>४५०</td><td>४५०</td></tr>
<tr><td>२२३।३।२४</td><td>थप मनकामना नियमित खोप कार्यक्रम अनुगमन भत्ता</td><td>१०५०</td><td>१०५०</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>५८६५०</td></tr>
</table>

</td><td>५८,६५०</td></tr>
</table>

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२२			**माटो परीक्षणः** पालिकाको कृषि कार्यक्रम तर्फ आ.व. २०७७।७८ मा ५७ प्रतिशत प्रगती भएको विवरण पेश भएको छ। कोभिड-१९ को प्रभावको कारण प्रगती न्युन भएको पालिकाले जनाएको छ। कार्यक्रम मध्ये प्रत्येक शसर्त अनुदान तर्फ एक वटा मिनी डिजिटल मात्रै ल्याव स्थापना गर्ने गरी रु ४ लाख बजेट विनियोजन भएकोमा पालिकाको कृषि शाखामा उक्त ल्याव स्थापना गरी रु. ४ लाख नब्बे हजार खर्च भएको पाईयो। सोलार प्यानल सहितको उक्त ल्यावबाट ५ वटै वडाको नमुना माटो परीक्षण गरीएकोमा माथिल्लो भुभागको माटो अम्लिय देखिएकोले माटो सुधार गर्न आवश्यक देखिई चालु आ.व. २०७८।७९ मा माटो सुधारको लागी कृषि चुन वितरण र माटो परीक्षण शिविर संचालन गर्ने गरि कार्यक्रम स्वीकृत भएको छ। यद्यपी पालिकाले संचालन गरेको र चालु आ.व.मा संचालन गर्न लागेका कार्यक्रम प्रति कृषकको सहभागिता नदेखिदा कृषक सहभागिता व्यापक वृद्बि हुने गरी सूचनामुलक कार्यक्रम मार्फत यस्ता कार्यक्रम संचालनमा गाउँपालिकाले प्राथमिकता दिनुपर्दछ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२३</td><td></td><td></td><td>खर्चको पुष्ट्याईः
२२।७८।३।२३ न्युनतम सेवा मापदण्ड सुधारका लागि स्वास्थ्य संस्थालाई शसर्त अनुदान अन्तर्गत देहायका स्वास्थ्य चौकीहरुको खातामा जम्मा हुने गरी रु २ लाख निकासा गरिएकोमा उक्त रकमबाट सेवा मापदण्ड सुधारका लागि भएको विवरण सहितको विल भर्पाई सहित खर्च विवरण पेश नभएकोले प्रमाण पेश गर्नुपर्ने अन्यथा उक्त रकम संचित कोषमा दाखिला गर्नुपर्ने रु
<table>
<tr><th>क्रस</th><th>स्वास्थ्य चौकीको नाम</th><th>रकम</th></tr>
<tr><td>१</td><td>भाल्चे स्वास्थ्य चौकी</td><td>४००००</td></tr>
<tr><td>२</td><td>फिकुरी स्वास्थ्य चौकी</td><td>३००००</td></tr>
<tr><td>३</td><td>काहुले स्वास्थ्य चौकी</td><td>४००००</td></tr>
<tr><td>४</td><td>साल्मे स्वास्थ्य चौकी</td><td>३००००</td></tr>
<tr><td>५</td><td>मनकामना स्वास्थ्य चौकी</td><td>३००००</td></tr>
<tr><td>६</td><td>थप मनकामना स्वास्थ्य चौकी</td><td>३००००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>२०००००</td></tr>
</table></td><td>२००,०००</td></tr>
<tr><td>२४</td><td></td><td></td><td>सवारी भाडाः
किस्पाङ गाउँपालिका कार्यालयमा सरकारी गाडी खरिद तथा हस्तान्तरण भै नआएको तर कार्यालयको कामको सिलसिलामा आवश्यक रहेकोले संघीय तथा प्रदेश सरकारसंग गाडी माग गर्ने वा वजेटको सुनिश्चतता गरी गाउँपालिकाको नाममा गाडीको स्वामित्व लिई गाडीभाडा, र मर्मतमा प्रति महिना करीव १ लाख ६० हजार खर्च भैरहँदा बार्षिक रु. २० लाख सवारीसाधनमा खर्च भएको कारण वृद्धि भएको चालु खर्च कम गरी पुँजिगत खर्च वृद्धि गर्नुपर्दछ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२५			**समानिकरण बाट विद्यालय अनुदानः** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु.1561806 तलब भत्ता भुक्तानी गरेको अनियमित देखिएको रु	१,५६१,८०६
२६			**आन्तरीक आयः**	
२६.१			गाउँपालिकाको आ.व. २०७७।७८ मा रु. २ करोड आन्तरिक आय उठाउने अनुदान गरेकोमा अनुदानको ९५% रु. १९०३३६७१।- आम्दानी देखाएकोमा लेखापरीक्षणको क्रममा देखिएका थप व्यहोराहरु निम्नानुसार छन्:- नेपालको संविधानको अनुसुचि ८ मा उल्लेख भएको स्थानीय तहको एकल अधिकार सूचि र अनुसूचि ९ मा उल्लेखित संघ,प्रदेश र स्थानिय तहको साझा अधिकार सूचि , स्थानिय सरकार संचालन ऐन 2074 मा उल्लेख भएको अधिकार प्रयोग गर्दै गाउँपालिकाले आफ्नो क्षेत्र अधिकार भित्रको सार्वजनिक सम्पत्तिको संरक्षण तथा सम्वर्द्धन गर्ने जिम्मेवारी समेत गाउँपालिकामा रहेको छ । संविधान र स्थानिय सरकार संचालन ऐनले विविध कर्तव्य र जिम्मेवारीका अलवा य जिम्मेवारी निर्वाह गर्नका लागि स्थानिय स्तरमा रहेका विभिन्न राजश्वका आकार पहिचान गरी कानुनतः करारोपणको अधिकार पनि प्रदान गरेको छ । (१) पालिकाले वहाल विटौरी कर वापत रु. ५० हजार र शुल्क वापत रु१ लाख अनुदान गरेकोमा उक्त शिर्षकमा आम्दानी नभएकोमा त्यसको कारण स्पष्ट गरेको छैन। (२) किस्पाङ गाउँपालिका क्षेत्रभित्रक त्रिशुली सलाँखु खोलाबाट संकलन एवं उत्खनन हुने र गाउँपालिका क्षेत्रभित्र संचालित योजनाहरुले उपयोग गर्ने निकासी कर २०७७।०८।१९ देखि २०७८ आषाढ मसान्त सम्मको लागि प्रसुन निर्माण सामाग्री सप्लायर्स प्रा.लि. संग रु.७१६५५५५।- सम्झौता गरी छुट समेत रु. ६०,७४,०००।- आम्दानी गरेको पाईयो। तर आ.व. २०७७।७८ को श्रावण १ देखि ठेक्का लागू अगाडी २०७७ मंसिर १८ सम्म कार्यालयले अमानतमा उठाएको पाईयो। (३) मिति २०७७।८।९ मा आ.व. २०७७।७८ को किस्पाङ गाउँपालिका वार्ड नं. ५ अन्तरगतको त्रिशुली खोला र सलाखु खोलामा रहेको ढुङ्गा, गिट्टी, बालुवा, रोडा लगायतको नदीजन्य पदार्थको निकासी तथा विक्रीकर संकलनको लागि नगदी रसिद २००० देखि ४००० सम्मको प्रति प्याड ५० पानाको दरले ४० प्याड नगदी रसिद जिन्सी खातामा आम्दानी बाँध्ने निर्णय गरेकोमा रसिद गतवर्ष २०७६।७७ मा खर्च नभै बाँकी रहेको २६ प्याड नगदी रसिद र ३२ प्याड मालपोत गरी जम्मा ५८ प्याड जिम्मेवारी सारेको समेत ९८	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			प्याड रसिद आ.व. ०७७।७८ मा रहेको रसिद नियन्त्रण खातामा उल्लेख छ। यद्यपी प्रयोग भएका रसिदबाट के, कतिरकम प्राप्त भयो त्यसको विवरण पेश भएको छैन। उदाहरणको लागि मिति २०७७।४।१ मा र.नं. ५०१ देखि १००० सम्म १० प्याड र मिति २०७७।६।५ मा १००१ देखि १२५० सम्म ५ प्याड गरी १५ प्याड ढुङ्गा,गिट्टीको नगदी रसिद खा.पा.स.टे. गोपाल ओलीले बुझिलिएको भरपाईमा देखिन्छ, तर त्यसबाट प्राप्त राजश्व कति प्राप्त भै कहिले दाखिला भयो सोको विवरण नराखी एकमुष्ट(अन्यको समेत) आम्दानी देखिएको राजश्व एकीन गर्न सकिएन। मिति २०७७।४।२९ को खानीजन्य सामाग्रीहरुको संकलन तथा विक्री कर उठाउने ठेक्का बन्दोवस्त सम्बन्धि सूचना अनुसार न्युनतम रकम रु. १०२,३०,०००।- रहेको मा २०७७ मसिर १८ गते सम्म अमानत बाट र २०७७।८।१९ देखि बाँकी अवधिको लागि ठेक्का बाट रु. ६४,४९,०००।- आम्दानी भएको छ । ठेक्का पूर्व श्रावणदेखि मंसिर १८ गते सम्मको न्युनतम ढुङ्गा गिट्टीबाट प्राप्त हुनुपर्ने बाँकी रु. ३७,८१,०००।- मध्ये अमानतबाट रु१६८३१८५ प्राप्त भएको आम्दानी विवरण पेश भएकोमा त्यसको सुनिश्चित हुने गरी एकीन गर्नुपर्दछ ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२६.२</td><td></td><td></td><td>आ.व. २०७७।७८ मा उत्खनन भई विक्री तथा निकासी हुने साधारण निर्माणमुखी वस्तुहरुको आयोजनागत उपयोगका सम्बन्धमा राजश्व परामर्श समितिले निर्णयअनुसार गठित स्थलगत अध्ययन तथा प्रक्षेपण गर्न राजश्व परामर्श समितिको २०७७।४।१० को स्थलगत अध्ययनका क्रममा देखिएको विवरण अनुसार थोरै प्रशोधित र अत्याधिक अप्रशोधित निर्माणजन्य सामाग्रीको निम्नानुसारको ढुङ्गा,गिट्टी र वेभ समेतको थुप्रोहरु मेजरिङ्ग टेपले नापजाँच गर्दा भेटिएको निष्कर्षसहित बाँकी अवधिको लागि ठेक्का बन्दोवस्त गर्ने गरी प्रतिवेदन दिएकोले नुवाकोट जिल्लाको ज्याला तथा निर्माण सामाग्रीहरुको आ.व. २०७७।७८ को दररेट को सिभिल वर्कको ३.१.ख मा १ घन मी. ठुलो साईजको खोलाको ढुङ्गाको १३५०।-को दरले प्रति क्यू. फिट रु. ३८.२६ दरले हुने रु. ३,४५,६२,६३४।- लिलाम विक्री गरी असुल गर्नुपर्ने रु.
<table>
<tr><th>सि.नं.</th><th>स्थान</th><th>मौज्दात</th><th>जिल्ला दररेटले हुने रकम</th></tr>
<tr><td>१.</td><td>गल्छी त्रिशुली मैलुङ सडक योजना</td><td>६५५१९० क्यूव फिट</td><td>२,५०,६७,५६९।-</td></tr>
<tr><td>२.</td><td>त्रिशुली ३ वि योजना</td><td>२४७३८८ क्यूव फिट</td><td>९४,६५,०६५।-</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>९,०२,५७८ क्यूव फिट</td><td>३,४५,६२,६३४।-</td></tr>
</table></td><td>३४,५३२,६३४</td></tr>
<tr><td>२७</td><td></td><td></td><td>पेश्कीः
पालिकाले पेश गरेको वित्तिय प्रतिवेदन मलेप फा नं२७२ को अनुसुचि २३ र सो को अभिलेख अनुसार पालिकाको चालु आ ब २०७७।७८ मा निर्माण ब्यवसायि सुर्यचन्द्र कन्ष्ट्रक्सन प्रा लि को म्याद ननाघेको मोविलाईजेसन पेश्की बाकी रु.३९६०००० देखिएकोले नियमानुसार फछ्यौट गर्नुपर्ने ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२८			**सामाजिक सुरक्षा तर्फः** **निकासा खर्चः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्योक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । पालिकाले यस बर्ष सामाजिक सुरक्षा तर्फ कुल 50651972 रुपैया निकासा खर्च गरेको छ । **नाम नबिकरणः** गाँउपालिकाले लाभग्राहीको नाम नबिकरण नगरि बिगत बर्षहरुमा भत्ता पाईराखेकाहरुको नामावलीलाई नै नबिकरण मानी भत्ता बितरण गरको देखिन्छ । अतः लाभग्राहीहरुको नामावली कार्यबिधिमा उल्लेखित भएको ब्यवस्था अनुसार नबिकरण गराउनु पर्ने देखिन्छ ।	
२९			**अनुदानको अनुगमनः** सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार कृषि, पशु, सेवा, सामान खरिदमा, विउविजनमा रु११०८९४४९ खर्च लेखेका छन । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३०</td><td></td><td></td><td>
परामर्स सेवाः
बजेट व्यवस्था गर्दा कार्यान्वयनमा हुने योजनाको मात्र गुरुयोजना डिपिआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्दछ। गाउँपालिकाले देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेको छ। डिपिआर तयार गर्दा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने भएमा प्रतिस्पर्धाको माध्यमबाट खरिद गर्नुपर्दछ। गाउँपालिकाले डिपिआर प्रतिस्पर्धाको माध्यमबाट नगराई सोझै खरिद गरी रु. १८७९४३८।- खर्च लेखेको छ। खरिद गरिएका डिपिआरहरु गाउँपालिकाको खर्च नभएर जाने जिन्सी पानामा आम्दानि बाँध्नुपर्नेमा जिन्सी आम्दानि बाँधी योजना कार्यान्वयनमा जानुपर्दछ।
<table>
<tr><th>सि.नं</th><th>काम</th><th>परामर्श दाता</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>१</td><td>साल्मे लामडवाङ सडक निर्माण डिपिआर</td><td>सेपिङ अर्थ विल्डर</td><td>४७६९९५</td></tr>
<tr><td>२</td><td>चामपानी कोकेगाउँ हुँदै अर्चले सडक निर्माण डिपिआर</td><td>मास्टर माईन्ड ईन्जिनियरिङ प्रा.लि.</td><td>४४३६३८</td></tr>
<tr><td>३</td><td>सातदोबाटो काहुले नुचेत भाल्चे सडक निर्माण डिपिआर</td><td>प्रविधि नेपाल ईन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि.</td><td>४७२९०५</td></tr>
<tr><td>४</td><td>दुई वटा खानेपानी योजनाको डिपिआर</td><td>बिएनएस सिभिल क्रियसन सर्भिस प्रा.लि.</td><td>४०८५९००
१८७९४३८</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३१</td><td></td><td></td><td>

दर विश्लेशणः

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) अनुसार लेखा राख्दा विल भर्पाई सहित राख्नुपर्ने उल्लेख छ। पालिकाले फिकुरीडाडा माने छ्युर्तेन निर्माणका लागि रु.११४७१५५।- को लागत अनुमान तयार भएको रु. ११६३०७३।-को कायम भएको छ। उपभोक्ता समितिलाई १०७।०७७।१२।३१ बाट रु.९,६००००।- भुक्तानी दिएको छ। उपभोक्ता समितिलाई भुक्तानी दिदा कामको परिमाण र निर्धारित भएको दरको विश्लेषण अनुसार भुक्तानी दिनुपर्नेमा दर विश्लेषण भन्दा बढी दरले भुक्तानी भएको छ। दर विश्लेषण भन्दा बढी दरले भुक्तानी भएको रकम रु.१४३०८२।असुल गर्नुपर्ने रु

<table>
<tr><th>काम</th><th>परिमाण</th><th>भुक्तानी दर</th><th>दर विश्लेषण अनुसार दर</th><th>बढी भुक्तानी</th></tr>
<tr><td>सिमेन्ट कंक्रीटको काम १:३:६</td><td>.७६ घन मी.</td><td>३२९१९/१०</td><td>१७८१०</td><td>११४८३</td></tr>
<tr><td>सिमेन्ट कंक्रीटको काम १:१.५:३</td><td>९.१२ घन मी.</td><td>३७१६३/३७</td><td>२२७३।५६</td><td>१३१५९९</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>१४३०८२</td></tr>
</table>

</td><td>१४३,०८२</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३२			**प्रसासकीय भवनः** ठे.नं. ५।०७७।०७८ः यस गाउँपालिकाको आ.व. २०७७।७८ को स्वीकृत योजना अन्तर्गत पालिकाको प्रशासकीय भवन निर्माण गर्ने कार्यक्रम संचालन गर्न स्वीकृत गरी २०७७।११।०९ मा ठेक्का मार्फत सूर्यचन्द्र कन्स्ट्रक्सन कम्पनी प्रा.ली. ले भवन निर्माण गर्ने काम गर्न कुल रु. ४५६०५५०२।-(भ्याटसहित) मिति २०७९।०१।३० मा सम्पन्न गर्ने गरी निम्नानुसार रहेको पाईयो। **सि.न.** | **भुक्तानी** | **पेश्की** | **जम्मा** १. | १४११८३३४।७३ | ९९६००००।- | १८०७८३३४।७३ १. उक्त खर्च मध्ये आ.व. ०७७।७८ मा स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम तर्फको खर्च रु. १,१७,९४,३७५।- समावेश छ। आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ अनुसार कार्यक्रम संचालन गर्दा श्रोतको सुनिश्चितता गरेर मात्र कार्यक्रम संचालन गर्नुपर्नेमा, उक्त प्रशासकीय भवनमा कुन कुन निकायको के कति श्रोत तथा गाउँपालिकाको २०७७ असोज ९ गतेको वैठकबाट श्रोत सुनिश्चितताको लागि १ करोड आन्तरिक श्रोतबाट जिल्ला समन्वय समितिबाट १ करोड २५ लाख समेत २ करोड २५ लाख विनियोजन भएको र बाँकी रकम प्रदेश तथा स्थानीय सरकारसंग माग गर्ने निर्णय भएकोमा त्यसको अद्यावधिक अभिलेख सहित आ.व. २०७७।७८ को अन्त्यसम्ममा वित्तिय प्रगती ४० प्रतिशत र लेखापरीक्षण अवधि २०७८।१०।१० सम्म भौतिक प्रगती ९९ प्रतिशत भईसकेकोले कार्य मुल्याङ्कनको आधारमा पेश्की फछ्यौंट गरी ठेक्का सम्झौता फरफारक गर्नुपर्दछ। 2। ६८।७७।१२।८ गा.पा. पुँजिगत साल्ट क्लीयरिङ्ग गर्ने कार्यको लागि वि.ओ.क्युमा २३६२५.८९स्क्वायर फिट कार्य गर्ने गरी लाई स्वीकृत भएकोमा ९०५० स्क्वायर फिट कार्य गरी प्रति स्क्वायर फिट ३.०० को दरले रु. २७१५०।- भुक्तानी भएकोमा गाउँपालिका भवन निर्माण स्थल तयार गर्ने कार्य उपभोक्ता समिति गठन गरी कन्टेन्जेन्सी वापतको रकमबाट रु. ७,३९,२००।- भुक्तानी दिएको पाईयो। ठेक्का सम्झौता २०७७।११।०९मा भैसकेपछि सोही ठाउँमा सरकारी भवनको कार्य उपभोक्ता समिति मार्फत गराउनुको औचित्य पुष्टि हुन सकेको छैन।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३३			**कार्यसम्पन्न प्रतिवेदनः** सार्वजनिक खरिद नियमावलीको २०६४ को नियम १२५(२) मा कुनै पनि निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गर्दा कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ। विरुडाडँ ऐसेलु चापखोला किस्पाङ सडक स्तरोन्नतीको काम गरे वापत जयज्योति निर्माण सेवालाई रु. ८२५७१४१।- भुक्तानी दिएको छ।उक्त कामको लागि मु.अ.कर सहितरु. १७५८४०००।- लागतअनुमान रहेकोमा निर्माण व्यवसायीसंग रु. ८७२७४१३।- मा सम्पन्न गर्ने गरी सम्झौता भएको छ। यस गाउँपालिकाको कानुनी व्यवस्था बमोजिम त्रुटी सच्याउने अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्नेमा रु.८२५७१४१।- को कार्य सम्पन्न प्रतिवेदन तयार नगरेकोले प्रमाण पेश गर्नुपर्ने रु....	८,२५७,१४१
३४			**घटी कार्यको कार्यसम्पादनः** गुन्सा लामवाङ सडक निर्माणका लागि मुल्य अभिवृद्धि कर सहित रु. १२५२६८१०।१७ को लागत अनुमान रहेको छ। उक्त कामको लागि वोलपत्र आह्वान गरेकोमा १४ फर्मबाट वोलपत्रमा भाग लिएको सबैभन्दा कम (५८.६१प्रतिशतघटी) रु. ५१८४४६१।- घन निर्माण सेवासंग सम्झौता भएको छ। सम्झौता अनुसार निर्माण व्यवसायीले काम गर्नुपर्नेमा ग्याविन वक्समा ढुङ्गा भर्ने, ढुङ्गाको गाह्रो लगाउने सम्झौता बमोजिम काम भएको छैन। निर्माण व्यवसायीलाई ३१८।०७८।३।२७ वाट रु. ४४५०९८७।- को भुक्तानी भएको छ। सम्झौता अनुसार काम सम्पन्न हुनुपर्नेमा सम्झौता भन्दा रु. ७३३४७४।- को घटी काम भएको छ मा तोकिए बमोजिम काम सम्पन्न नहुँदाका वखतमा समेत पालिकाले कार्य सम्पन्न प्रतिवेदन तयार गरेको छ ।	
३५			**मुअकर समायोजनः**	
३५.१			मुल्य अभिवृद्धि कर ऐन २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मुल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा कर विवरणसहित दाखिला गर्नुपर्ने व्यवस्था छ। देहायका फर्मलाई मु.अ.कर रु. २४०८९०।- भुक्तानी भएकोमा ती फर्महरु कर विवरण नबुझाई नन्फाईलर रहेको पाईयो।कानुनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु	२४०,८९०

भौ.नं./मिति	फर्मको नाम	भुक्तानी रकम	मु.अ.कर	नन्फाईलर मिति
३१३/०७८/३/२७	ईन्काउन्टर निर्माण सेवा ६००६६९८०५	३०५१००	३५१००	२०७७।M। १२

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१६०/०७८/१/२३</td><td>ईन्काउन्टर निर्माण सेवा ६००६६९८०५</td><td>५०००२५</td><td>५७५२५</td><td>२०७७।M।
१२</td></tr>
<tr><td>१६८/०७८/२/२१</td><td>हिम्डुङ ब्रदर्श कन्स्ट्रक्शन एण्ड सप्लायर्श
६०६५३४६००</td><td>४१२४५०</td><td>४७४५०</td><td>२०७८।M।३</td></tr>
<tr><td>१७१/०७८/२/२२</td><td>ईन्काउन्टर निर्माण सेवा ६००६६९८०५</td><td>३००५८०</td><td>३४५८०</td><td>२०७७।M।
१२</td></tr>
<tr><td>१८५/०७८/२/२५</td><td>हिम्डुङ ब्रदर्श कन्स्ट्रक्शन एण्ड सप्लायर्श
६०६५३४६००</td><td>२०५६६०</td><td>२०३६६०</td><td>२०७८।M।३</td></tr>
<tr><td>२००/०७८/८/२८</td><td>ईन्काउन्टर निर्माण सेवा ६००६६९८०५</td><td>३७०००७५</td><td>४२५७५</td><td>२०७७।M।
१२</td></tr>
<tr><td colspan="2">जम्मा</td><td></td><td>२४०८९०।-</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३५.२</td><td></td><td></td><td>मूल्यअभिवृद्धि कर ऐन, २०५२को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्कोमहिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्नेव्यवस्था छ । नाम्चाकुना गोभा भञ्ज्याङ सडक निर्माण गर्दा डि एम कन्ट्रक्सन प्रा. लि. (६०५९४२८३१) लाई१।२०७८।३।२४ बाट मू.अ.कर रु १४०४७८ समेत रु १२२१०७८। भुक्तानी दिएकोमा उक्तफर्म ०७६ श्रावण देखि कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो । कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले कर समायोजन नभएको प्रमाण पेश हुनुपर्ने रु.</td><td>१४०,४७८</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३६			**नापी किताबः** वितिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा भुक्तानी दिदा रित पुगे नपुगेको एकीन गरी भुक्तानी दिनुपर्ने उल्लेख छ। निम्न भौ.नं./मिति बाट निम्नानुसारका पाईप खरिद बापत रु. ९७८०३१ भुक्तानी भएको छ। खरिद गरिएका पाईपहरु सम्बन्धित योजनामा प्रयोग भएको नापी किताबमा प्रविष्टी हुनुपर्नेमा पाईप प्रयोग भएको नापी किताव लेखापरीक्षणको क्रममा पेश भएन। अत: उक्त पाईप प्रयोग भएको नापी किताव पेश हुनुपर्ने रु. **भौ.नं./मिति** | **पाइप** | **जम्मा** ६०।०७७।१२।५ | ४ भरीका HDPE पाइप | ४९२३४६ १६६।०७८।१।६ | ९ भरीका HDPE पाइप | ४८५६८५ **जम्मा** | | **९७८०३१**	९७८,०३१
३७			**मु अ करः** पुरानोगाउँ खेलमैदान निर्माण उपभोक्ता समितिलाई खेल मैदान निर्माण गरे वापत १२७/०७८/११/०६ बाट रु ७६८०००।- भुक्तानी दिएको छ। उक्त काम गर्दा मेशिन द्वारा ७४४ घन मी. चट्टान खने वापत प्रति घनमी. रु ५६५ का दरले रु. ४२०३६०।- भुक्तानी दिएको छ। प्रति घन मी. काममा रु ६५ मु.अ.कर रहेको छ। उपभोक्ता समितिलाई मु.अ.कर भुक्तानी दिदा उपभोक्ता समितिले मु.अ.करतिरको विल समावेश भए पश्चात मात्र भुक्तानी दिनुपर्दछ। चट्टान खन्ने कामको मु.अ.कर तिरेको विल संलग्न नभएकोले मु.अ.कर तिरेको विल बेगर भुक्तानी भएको रकम रु. ४८३६० असुल हुनुपर्ने रु	४८,३६०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३८			**च्यानेजः** भौ न मिति १।०७७।६।८ गाउँपालिकाको २०७६।७७ को स्वीकृत योजना सडक बोर्ड नेपाल कार्यक्रम अन्तर्गत चामखोला घट्टेखोला ऐसेलु रैला देखि किस्पाङ जोड्ने सडक निर्माण आयोजना संचालन गर्न गाउँपालिका र उपभोक्ता समिति बिच २०७७।१।२४मा सम्झौता भई सोही आवमा सम्पन्न भएको तर सडक बोर्डबाट ०७७।३।३१ मा मात्र रकम प्राप्त भएकोले चालु आवमा गाउँपालिका म्याचिङ फन्ड र सडक बोर्डको रु ७ लाख गरी रु ८५८३३७ भक्तानी भएको छ।उक्त कार्यक्रममा विशेष गरी मेशसनरी वालहरुको कार्यहरु चेनेज०+३२० र०+३३३ मा भएको नापी कितावमा उल्लेख छ। त्यसै गरी आव ०७७।७८ को स्वीकृत योजना प्रदेश समपुरक कार्यक्रम अन्तर्गत विरुडाँडा ऐसेलु चापखोला किस्पाङ सडक स्तरोन्नती गर्ने कार्यक्रम संचालन गर्न कार्यक्रम स्वीकृत गरी मिति २०७७।९।३ मा श्री जयज्योति निर्माण सेवा संग रु८७२७४१३।१३ भ्याट समेतको ठेक्का सम्झौता गरेको पाईयो। सडक बोर्ड नेपाल तर्फको ० चेनेज ऐसेलुलाई कायम गरेको र प्रदेश समपुरक कार्यक्रमको ० चेनेज विरुडाडा उल्लेख भएको छ। ऐसेलु देखि माथिको सबै चेनेज विरुडाडाँ ऐसेलु चापखोला किस्पाङ सडक अन्तर्गत नै परेको तर चेनेज स्पस्ट नखुलाएकोले ठेक्काको कार्य गर्दा सडक बोर्डबाट भएको काम दोहोरो नपरेको स्पस्ट हुने गरी चेनेज खुलाई कार्यान्वयन गर्नुपर्दछ।	
३९			**बढी भुक्तानीः**	
३९.१			जल्लु मा बि को खेल मैदान निर्माणका लागि रु १५०००००। बजेट बिनियोजन भएकोमा कन्टेन्जेन्सी रु ६००००। कटाई गाँउपालिकाले रु १४४००००। र उ स ले रु २६९१४०। ब्यहोर्ने गरि रु १७०९१४०।को लागत अनुमान तयार भई लागत अनुमान बराबर काम गर्ने गरि दुई पक्ष बिच संझौता भएको छ। बिद्यालयको खेल मैदान निर्माणको रु १३५६६०८। को काम भएको छ।संझौता अनुसार उपभोक्ता समितिलाई रु १३५६६०८। को काम गरेमा रु १४४२९८१। मात्र भुक्तानि दिनु पर्नेमा ७।२०७८।३।२४ बाट रु १४८२९८१। भुक्तानि दिएको छ।बढि भुक्तानि भएको रु ४००००। असुल हुनुपर्ने	४०,०००
३९.२			पालिकाले वार्ड नं५अन्तर्गत बाटो सरसफाई गरे वापत वार्ड नं ५ बाटो सरसफाई उपभोक्ता समितिलाई१७३।२०७८।२।२३ बाट मु अ कर रु ९७३२६ सहित रु ७९२०००। भुक्तानि दिएको छ। उक्त भुक्तानिमा रु ४६१५०। मात्र मु अ कर मात्र तिरेको बिल संलग्न छ । उपभोक्ता समितिले खरिदमा तिरेको भन्दा बढि रु ५११७६। भुक्तानि भएको रकम असुल हुनुपर्ने रु	५१,१७६

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४०</td><td></td><td></td><td>बढी मु अ करः
निम्न भौ.नं./मिति बाट निम्नानुसारका उपभोक्ता समितिलाई खरिदमा तिरेको भन्दा बढी मु.अ.कर भुक्तानी दिएको छ। उपभोक्ता समितिलाई खरिदमा तिरेको भन्दा बढी मु.अ.कर भुक्तानी दिन मिल्ने देखिएन।अत: खरिदमा तिरे भन्दा बढी उपभोक्ता समितिलाई भुक्तानी भएको रु. ६८१४०।- मु.अ.कर असुल हुनुपर्ने रु
<table>
<tr><th>भौ.नं./मिति</th><th>उपभोक्ता समिति</th><th>भुक्तानी रकम</th><th>तिरेको मु.अ.कर</th><th>भुक्तानी भएको मु.अ.कर</th><th>असुल हुनु पर्ने मु.अ.कर</th></tr>
<tr><td>१७३/०७८/३/२३</td><td>वार्ड नं ५ को बाटो</td><td>७९२०००</td><td>९७३२६</td><td>४६१५०</td><td>५११७</td></tr>
<tr><td>१६३/०७८/१/२३</td><td>किर्नेबगर सडक स्तरोन्नती</td><td>९६००००</td><td>३७९५६</td><td>५४९२०</td><td>१६९६४</td></tr>
<tr><td colspan="2">जम्मा</td><td></td><td></td><td></td><td>६८१४०</td></tr>
</table></td><td>६८,१४०</td></tr>
<tr><td>४१</td><td></td><td></td><td>प्रकोप तथा कोभिड ब्यवस्थापनः</td><td></td></tr>
<tr><td>४१.१</td><td></td><td></td><td>गाउँपालिकाले कोभिड -१९ रोग नियन्त्रणका लागि व्ययस्थापन र आईसियु सेवा संचालन गर्न रु. १००००००।- भुक्तानी दिएको छ। भुक्तानी भएको रकमबाट अस्पतालले रोग नियन्त्रण व्ययवस्थापन र आईसियु संचालनका लागि के कस्ता कार्य गर्यो सोको कार्य विवरण र खर्चका विल भर्पाई श्रेस्ता साथ संलग्न छैन। अत: उक्त कागजातहरु पेश हुनुपर्दछ।</td><td></td></tr>
<tr><td>४१.२</td><td></td><td></td><td>२४।०७८।३।२४ प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम चालु अन्तर्गत कोरोना रोकथाम नियन्त्रणका लागि ईन्भीट्रो ट्रेड कन्सर्न काठमाडौलाई पिपिई स्यानिटाईजर लगायतको सामन वापत विल नं २८६ मिति ०७८।३।२० को विल बमोजिम रु ३७४९६२।२५ भुक्तानी दिएकोमा सक्कल विल पेश नभएकोले खर्चको विल भरपाई पेश हुनुपर्ने अन्यथा सम्वन्धितसँग असुल गर्नुपर्ने रु</td><td>३७४,९६२</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४२</td><td></td><td></td><td>अनुगमन तथा सम्परीक्षण
स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्यौंट गर्ने व्यवस्था रहेको छ ।सोही ऐनको दफा ८४(२)(घ) मा बेरुजू फछ्यौंट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था भएकोमा लेखापरीक्षणको क्रममा पालिकाले बेरुजु फछ्यौंट गरी संपरीक्षणको लागि पेश गरेको छैन । नियमानुसार बेरुजु फछ्यौंट गरी अद्यावधिक गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४३</td><td></td><td></td><td>अद्यावधिक बेरुजु
यस पालिकाको २०७७।७८ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ ।<table>
<tr><th>गत वर्षसम्मको बाँकी बेरुजू (A)</th><th>यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B)</th><th>यो वर्ष कायम बेरुजू(C)</th><th>संपरीक्षणबाट कायम बेरुजू(D)</th><th>अध्यावधिक बाँकी बेरुजू (E=A-B+C+D)</th></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td></tr>
</table></td><td></td></tr>
</table>